
# पनौती नगरपालिका, काभ्रेपलाञ्चोक
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९




**पनौती नगरपालिका**

**जिल्लाः** काभ्रेपलाञ्चोक

**बागमती प्रदेश**

# विषयसुची

१ पृष्ठभूमि ........................................................................................१
२ अवस्था विश्लेषण ..........................................................................२
२.१.SWOT विश्लेषण ..........................................................................२
२.२.सरोकारवाला पहिचान ....................................................................६
२.३. लक्षित वर्ग पहिचान............. .......................................................................७
३. दीर्घकालिन सोच (Vision)........................................................................८
४. ध्येय (Mission).............................................................................................८
५.लक्ष्य (GOAL)...............................................................................................८
६. उद्धेश्य (Objective)...................................................................................८
७. लैङ्गिक तथा सामाजिक समावेशीकरण (GESI Policy).........................................९
८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI Strategy ) ......................१०
८.१. मुलप्रवाहिकरण ..........................................................................................१०
८.२. समावेशीकरण .............................................................................................१०
८.३ स्थानीयकरण .................................................................................................१०
८.४.सशक्तिकरण ..................................................................................................१०
८.५.सचेतीकरण .....................................................................................................११
८.६. संस्थागत संरचना ..........................................................................................११
८.७. समन्वय ...........................................................................................................११
८.८. सहकार्य ...........................................................................................................११
८.९.सहजीकरण ........................................................................................................१२
८.१०. सामाजिक सुरक्षा ...........................................................................................१२
८.११.अनुगमन मुल्यांकन ...........................................................................................१२
९. रणनैतिक क्रियाकलाप ..........................................................................................१२
१०.वित्त व्यवस्थापन ..................................................................................................२३
११. कानुनी व्यवस्थापन ..............................................................................................२३
१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ....................................................२४
१२.१. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ......................................................२४
१३.संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु ...............................................................२४
१४.संभाव्य जोखीम...........................................................................................................२४
१४.१. जोखीम न्यूनीकरणका उपायहरु ...................................................................................२५
१५. निश्कर्ष .......................................................................................................................२५

## १.पृष्ठभूमि

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा वर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको र विभिन्न समुदाय बीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखनजस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने,

गराउने व्यवस्था गरेकोछ।यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटील प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न ऐले म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष र अपेक्षित उपलव्धी को निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयार गराउदछ ।यसै सन्दर्भलाई आत्मसात गरी पनौती नगरपालिका अन्तरगत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यो **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति" २०७९** तयार गरिएको छ ।

१. पनौती नगरपालिकाको संक्षिप्त परिचय

पनौती नगरपालिका नेपालको राजधानी काठमाडौ देखि दक्षिण पूर्वतर्फ ३२ कि. मि. को दुरिमा पर्दछ ।
वि.स. २०७३ फागुन २७ मा पनौती नगरपालिका साविकको भौगोलीक अवस्थाबाट पुर्नसंरचित भइ हाल यस नगरपालिकाको १२ वटा वडाहरू रहेका छन भने ११८ वर्ग किमि क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको ११ वटा वडाहरू ग्रामिण भेगमा छन् भने १ वटा वडा शहरी इलाका छ । यस नगरपालिकाको पूर्वमा धुलिखेल नगरपालिका, पश्चिममा ललितपुर जिल्ला र भक्तपुर जिल्ला, उत्तरमा बनेपा नगरपालिका र भक्तपुर जिल्ला तथा दक्षिणमा बेथानचोक गाउँपालिका र ललितपुर जिल्ला पर्दछन ।
यस नगरपालिकामा १०८४४ घरधुरीमा बसेबास गर्ने जम्मा जनसंख्या ५६३२९ मध्य महिलाको जनसंख्या २७९९८ छ भने पुरूषको संख्या २८३३१ छ । यस नगरपालिकामा जातीगतरुपमा मुख्य गरी क्षेत्री , ब्राम्हण, नेवार, तामाङ, मिजार ,परियार र विश्वकर्माको बसोबास रहेको छ ।

## २.अवस्था विश्लेषण

यस पालिकाको अवस्थालाइ नियाल्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनमा सहजता आउने देखिन्छ ।लैङ्गिक समानता र सामाजिक समावेशीकरणको उपयुक्त प्रयोगशाला वनाउन सकिने यो पनौती नगरपालिकाको लैससास रणनीति तयार गर्दा पहिलो चरणमा वर्तमान

अवस्था विश्लेषण गरिएको छ ।हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्रहरु (SWOT, सरोकारवाला र लक्षित वर्ग) निर्धारण गरिएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ ।

## २.१. SWOT विश्लेषण

यो पनौती नगरपालिकाको लैससासको दृष्टिकोणवाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएकोछ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

### स्थानीय तहका आन्तरिक सबलता वा सवल पक्ष - Strength )

- जेष्ठ नागरिकका लागि आवश्यक नीति अवलम्बन गरिएको छ।
- महिला तथा बालबालिकाको लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिएकोछ।
- उत्पीडित जनजाती महिलाका लागि आवश्यक कार्यनीति बनाएको छ।
- बालमैत्री नगर घोषणा भै सकेको छ।
- अल्पसंख्यक जनजाती, दलित महिला, सिमान्तकृत समुदायहरुलाई नगरपालिकाका सवै समितिहरुमा समावेश गरिएको छ।
- साक्षर नगरपालिका घोषणा गरिएको छ।
- बालविवाह न्यूनिकरण गर्नको लागि वार्षिक नीति तथा कार्यक्रममा बजेट विनियोजन गरिएको छ।
- जनप्रतिनिधिहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आवश्यक ज्ञान भएको छ।
- अविवाहित महिलाहरुको निम्ती विशेष सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको छ।
- नगरवासीका लागि परामर्श दाताको व्यवस्थापन गरी परामर्श कार्य गर्दै आएको छ।

### स्थानीय तहका आन्तरिक दुर्वलता वा सुधार गर्नु पर्ने पक्ष ( Weakness )

- कुप्रथा ( महिनावारीको समयमा महिलाहरुमा हुने मानसिक तनाव ) समाजमा विद्यमान छ।
- जातीय/वर्गिय विभेद समाजमा अझै जीवित छ।

- लक्षित वर्गमा हुने असमान व्यवहार समाजमा अझै कायम छ।
- स्रोत र साधनको उपयोगमा विभेद कायम छ।
- उत्प्रेरणात्मक कार्यक्रमको अपर्याप्तता छ।
- नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्भ्रान्त वर्गको वाहुल्यता छ।
- घरेलु हिंसा सम्बन्धी समस्याको उजुरी दर्ता गर्ने प्रचलनमा कमी छ।
- महिला र पुरुषको बिचमा कामको आधारमा दिने ज्यालामा असमानता छ।

**अवसरहरु**

१. संस्थागत अवसरहरु ( आन्तरिक )

- नगरपालिका द्धारा विशेष सामाजिक सुरक्षाको नीतिगत व्यवस्था गरिएको छ।
- सुत्केरी महिलाको लागि  विशेष पोषण कार्यक्रमको नीतिगत व्यवस्था गरिएको छ।
- जेष्ठ नागरिक पार्कको स्थापना गरिएको छ।
- जेष्ठ नागरिकहरुको  निशुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गरिएको छ।
- अशक्त, भिन्न क्षमता भएका महिला, दलितहरुका लागि स्वास्थ्य विमा कार्यक्रम संचालन गरिएको छ।
- लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि निर्माण गरि कार्यान्वयन गरिएको छ।
- बाल विवाह विरुद्धको अभियान कार्यक्रम संचालन गरिएको छ।
- नगर युवा तथा खेलकुद परिषद् ऐन कार्यान्वयनमा ल्याईएको छ।
- अपाङ्गता, जेष्ठ नागरिक र महिलाहरुका लागि सुरक्षात्मक कोष कार्यविधि कार्यान्वयन गरिएको छ।
- असक्त अपाङ्गहरुलाई सहायक सामग्री वितरण गरिएको छ।
- घर दैलोमा घटना दर्ता कार्यक्रम सञ्चालन गरिएको छ।
- बाल श्रम मुक्त नगरपालिका घोषणा अभियान अघि बढाइएको छ।
- विपदको समयमा तत्काल राहत तथा उद्दार पुर्नस्थापना कार्यकम संचालन गरिएको छ।

- योजना तर्जुमा तथा उपभोक्ता समिति गठन गर्दा ३३ प्रतिशत महिला अनिवार्य गरिएको छ ।

२. बाह्य अवसरहरु

- संविधानमा व्यवस्था गरिएका मौलिक हकको पुर्ण सम्मान गरिएको छ ।
- पिछडा वर्ग, दलित महिला, लोपउन्मुख आदि लाई निर्वाचित हुन पाउने संवैधानिक व्यवस्थालाइ पुर्ण पालना गरिएको छ ।
- बाह्य निकायसंग समन्वय र साझेदारी क्षमता वृद्धी भएको छ ।
- सर्शत र वित्तीय समानीकरण को श्रोत उपलब्धता छ।

## चुनौतीहरु

- पारिश्रमीक वा ज्यालमा विभेद
- पुरातनवादी सोच
- जातीय छुवाछुतको भावना नमेटिनु
- सम्पत्तिको हकमा आर्थिक रुपमा महिलालाई निर्णय लिन नदिनु
- सबै सार्वजनिक स्थलहरुमा स्तनपान कक्षको व्यवस्था नहुनु ।
- लैङ्गिक विभेदको न्यूनिकरणमा लक्षित वर्गले नेतृत्व लिन नसक्नु
- घरायसी दवाव, सामाजिक हिनता हुनु
- स्वयम् महिलाहरु र लक्षित वर्गहरु नै आफ्नो लागि निर्णय लिन वा आवाज उठाउन नसक्नु
- बालमैत्री, जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री संरचनाहरुको निर्माण हुन नसक्नु ।
- महिला शव्दमा नै हेयको भावना जागृत हुनु ।
- बालबालिकाहरु द्धारा सामाजिक संजालहरुको नकारात्मक प्रयोग हुनु ।
- लैङ्गिक रुपमा नै स्वतन्त्रता माथिको अविश्वास हुनु ।
- सामाजिक तथा घरायसी घरझगडाबाट महिला तथा बालबालिकाहरुको संस्कारमा नकारात्मक असर वा प्रभाव पर्नु ।

- यौनजन्य, बलात्कार, यौन शोषण जस्ता नकारात्मक कुराको बडवा दिने कानुनी व्यवस्थाले समेत दोषिलाई कार्वाही गर्न नसक्नु
- महिनावारी तथा सुत्केरी जस्ता प्राकृतिक कुरामा विभेदपुर्ण व्यवहार गरिनु
- कार्यालयहरुका समान तहमा गरिने कार्यहरुमा पुरुष सक्षम र महिला असक्षम हुन्छन भन्ने सोच माथिल्लो तहबाटै विकास हुनु
- महिलालाई दासीको रुपमा हेरिनु
- घरायसी कुराहरुमा दाइजो जस्ता विषयलाई लिएर ज्यान लिनु वा मानसिक यातना दिनु ।

## २.२. सरोकारवाला पहिचान

पनौती नगरपालिका भित्र लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संम्पर्क हुने,दोश्रो माध्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संम्पर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माध्यमवाट संम्पर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संम्पर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिला तथा बालबालिका शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजनाशाखा / प्राविधिक शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा,युवा तथा खेलकुद शाखा | बैकहरू | प्रदेश सुशासन केन्द्र |
| स्वास्थ्य शाखा | उद्योगहरु(पानी, ह्याचरी दाना ) | भूमी व्यवस्था आयोग |
| प्रशासन शाखा | वालक्लवहरु | संघीय मन्त्रालयहरु |
| वडा कार्यालयहरु | आमा समूहहरु | महिला आयोग |

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माध्यमवाट संम्पर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संम्पर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| नगरकार्यपालिका | उद्योग वाणिज्य संघ | दलित आयोग |
| नगर सभा | विद्यालयहरु | मुस्लीम आयोग |
| न्यायिक समिति | गैह्रसरकारी संस्थाहरु | राष्ट्रिय योजना आयोग |
| विषयगत समितिहरु सवै | राजनैतिक दलहरु | मानव अधिकार आयोग |
| रोजगार सेवा केन्द्र | सञ्चार माध्यमहरू | अन्तराष्ट्रिय दातृ निकायहरु |
| वैदेशिक रोजगार शाखा | | राष्ट्रिय स्तरका संचार माध्यमहरु |
| कृषि शाखा | | |
| पशुपालन शाखा | | |
| न्यायिक समिति | | |
| विषयगत समितिहरू सबै | | |

## २.३. लक्षितवर्ग पहिचान

पनौती नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

१. महिला
२. एकल महिला
३. बालबालिका
४. जेष्ठनगारिक
५. दलित (परियार, विश्वकर्मा, मिजार, )

६. आदिवासी तथा अल्पसख्यक (तामाङ, गुरूङ, घर्ति, अदि )

७. मजदुर

८. अपाङ्गता भएका व्यक्ति

९. द्वन्द्वपिडित

१०. विपन्न वर्ग

११. सुकुम्वासी

१२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट पनौती नगरपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन् । वलियो पक्ष, कमजोर पक्ष, अवस तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । पनौती नगरपालिकामा सघन रुपमा रहेको तामाङ, घर्ति, जाती मुख्य लक्षित वर्गमा पर्दछ । यो नगरपालिकाका केही सवल पक्षहरु भएकोले ती पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३. दीर्घकालिन सोच (Vision)

"लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने"

## ४. ध्येय (Mission)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउने र सार्वजानिक जीवनमा जात, वर्ग र क्षेत्र लिंगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष (Goal)

न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट वहिस्करणमा परेको वर्गलाई विकासको मूल प्रवाहमा ल्याउने।

## ६. उदेश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप पनौती नगरपालिकाले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागीता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

२. श्रोत साधनमा लक्षित वर्गको पहुँच  अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।

४. नीति,कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।

५. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने।

७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

८. शिक्षा,स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

९. **७.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति** (GESI Policy) माथि उल्लेखित उदेश्यहरु परिप"र्तीको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमिसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

४. नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपोउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५. लैससास वारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने

६. लक्षित वर्ग विकासका लागि महिला बालबालिका शाखा मार्फत महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९. बालबालिका तथा अपाङ्गता एवम् जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न, लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।

१२. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना कार्यक्रमलाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

१४. **८. लैससास रणनीति(GESI Strategy)**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

**८.१ मूल प्रवाहिकरण**

क. महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागीता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने ।साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यामवाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

**८.२ समावेशीकरण**

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

**८.३ स्थानीयकरण** क. अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

**८.४ सशक्तिकरण**

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार,रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यामवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायहरूलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

**८.५ सचेतीकरण**

क.लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्यप्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने ।

ख.समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

**८.६ संस्थागत संरचना**

क.संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै नगरपालिकाले निर्माण गर्ने हरेक ऐन,कानून र कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

**८.७ समन्वय**

क. नगरपालिकाका विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, पनौती नगरपालिका लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने

### ८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि नगरपालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैंक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गर्ने ।

ख. प्रदेशसरकार, संघीय सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, पनौती नगरपालिका लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

### ८.९ सहजीकरण

क. बहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

### ८.१० सामाजिक सुरक्षा

क. नागरिक, जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगरिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपोउन्मुख,दलित जातजातीहरु लगायत पर्दछन र ती वर्गको सुरक्षा, स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन मूल्याङ्कन

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

## ९. रणनैतिक कृयाकलापहरु

| क्र सं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १. कानुन मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिकणले विश्लेषण गर्ने<br>२. लैससास मैत्री योजना तर्जुमा का लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने,<br>३. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने ।<br>५. नियमिति लैससास परीक्षण | १. कानुन कार्यविधिहरुको GESI दृष्टिकोणले विश्लेषण भएको हुनेछ<br>२. वार्षिक वजेटमा कम्तीमा २०% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>३. लैङ्गिक उत्तरदायी बजेट हेर्ने सुचना प्रणालीको विकास भएको हुनेछ ।<br>४. वार्षिक रुपमा लैससास परीक्षण | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>३. कार्यपालिकाका वैठकका निर्णयहरु<br>४. सभाका बैठकका निर्णयहरु<br>५. लैससास परीक्षण प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गरी त्यसका आधारमा कमी कमजोरी सुधार्दै लैजाने | भएको हुनेछ । | |
| २ | श्रोतसाधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने। | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरबाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङन गर्दै लैजाने । | १. लक्षित वर्गको छुट्टाछूट्टै प्रोपाइल तयार गर्ने ।<br>२. कानूनमा महिला तथा लक्षित समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसुचित गर्ने ।<br>३. लक्षितवर्गलाई कानुनले दिएका अधिकारहरुको वारेमा अभिमुखीकरण गर्ने<br>४. संघ संस्थामा प्रतिनिधित्व, शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने<br>५. नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्गको निश्चित % | १. लक्षित वर्गको वस्तुगत विवरण तयार भएको हुनेछ ।<br>२. कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षितवर्ग का लागि जीविकोपार्जन सशक्तिकरणका लागि निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन र परिचालन कार्यविधि<br>४. कार्यपालिका तथा सभाका निर्णय हरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सहभागिता सुनिश्चित गर्ने<br>६. महिला तथा लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकता पुरा गर्ने कार्यक्रम बनाउने | ५. लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकता पुरा गर्ने कार्यक्रम संचालन भएको हुनेछ | |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिलातथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १.दीगो विकास लक्ष स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास र परिचालन गर्ने<br>२.बेइजिङ सम्मेलनले गरेका १२ प्रतिवद्धता, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयन गर्ने | १. दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धीसम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि संझौताको | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ३.उल्लेखित सन्धी संझौता अभिसन्धी स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश र कार्यान्वनयका लागि आवश्यक कानुन कार्यविधि वनाउने । | स्थानीयकरण भइ वार्षिक कार्यक्रममा समावेश भएको हुनेछ । | |
| ४ | नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने। | नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधि महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | संघीय र प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै नगरपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक | १.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास मैत्री भए नभएको विश्लेषण गर्ने ।<br>२.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>३.विगतमा बनेका कानून कार्यविधिलैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने । | १. कानूनले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन<br>२. नयाँ वन्ने कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण तथा वनिसकेका कानुनमा आवश्यक संसोधन भएको हुनेछ<br>३. महिला पुरुष सगै रैथाने र आप्रवासी कामदार हरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | ४.कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका विषयहरुलाई समावेश गर्ने<br>५.सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानापातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने | हुनेछ ।<br>४. कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने । | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>२. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन | क. महिला, गरीब र बहिष्करणमा परेका समुदाय ले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागतप्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमासमान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा | १. संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने।<br>३. महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५. आदिवासी जनजाती दलित | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४. यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ | १. कार्यपालिकाका निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३. महिला पुरुष समविकास कार्यनीति<br>४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५. ब्रुसर,रेडियो, टिभि कार्यक्रमका अडियो भिडियो समाग्रीहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | मूलप्रबाहीकरण गर्ने।<br>ख.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा,बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने । | लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने<br>६. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>७. लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८. उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्पसंख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | ६. लैससास सम्बन्धी सचेतना मुलक व्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | १. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्मनिर्भर वनाउने | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने<br>५. लैङ्गिक हिंसा निवारण कार्यविधि वनाउने ।<br>६. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४. प्रत्यक्ष अवलोकन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता साथै कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिलाहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | **१.** सामाजिक कुरीतिहरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>**२.** हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>**३.** अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>**४.** वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | १. वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२. श्रव्य दृष्य सामाग्रीहरु<br>३. सामाजिक संजाल मा गरिएका पोष्टहरु<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५. प्रत्यक्ष अवलोकन (सेवा केन्द्र ) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइसंग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १. आफ्नै घरवाट नीराक्षर महिलाहरुलाई साक्षार वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने<br>४. स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने<br>५. आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य | १. संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन<br>२. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | १. वार्षिक प्रगती प्रतिवेदन<br>२. तालीम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु<br>५. अनुमगन मुल्याङ्न फारम हरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | वीमा कार्यक्रम सुरु गर्ने<br>६. अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहिच ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने<br>७. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने<br>८. हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम समाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने<br>९. हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण को कार्य गर्ने नत्र नगर्ने  हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ ।

**लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिने छ**

क. लक्षित विकास कार्यक्रमका लागि नगरपालिकाको निश्चित प्रतिशत वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधिकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्ने ।

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

ज. **११. कानूनी व्यवस्था** लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि पनौती नगरपालिकाको कार्यपालिका बैठकले अनुमोदन गर्नु पर्दछ।यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि यो नगरपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन ।

## १२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी पनौती नगरपालिकाका नगर प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको ) भने सबै शाखा तथा वडा कार्यालयहरुले सबै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजक एवम नगरपालिकाको उपप्रमुखको हुनेछ भने आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ ।यो नगरपालिकामा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी बहन गर्नुपर्नेछ ।रणनैतिक कृयाकलापका बारेमा सबै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाइनेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. पनौती नगरपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत विश्लेषण गरेर प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग. यो नगरपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने।जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

## १४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ

क. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रम पुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुनसक्छ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुनसक्छ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्छ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्तछ ।

## १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने।

ख. बहुपक्षीय सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य बढाउने।

ग. स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने।

घ. विषय विज्ञहरुसंग नियमित परामर्श गर्ने ।

## १५ निश्कर्ष

समाजमा विद्यमान लैङ्गिक विभेद तथा जातीय असमानता, विभेदयुक्त गलत सामाजिक व्यवहार र मुल्य मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरूलाई निरुत्साहित गर्न तथा नेपाल सरकारद्धारा निर्माण गरी जारी गरिएका राष्ट्रिय नीति तथा कानुनहरू र लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरिएका विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्न/गराउन निरन्तरता दिन पनौती नगरपालिकाको लैससास नीति २०७९ निर्माण गरी लागु गरिएको छ ।